बागमती प्रदेश सरकार

# उद्योग, पर्यटन, श्रम तथा यातायात मन्त्रालय

हेटौंडा, नेपाल

मितिः २०८३/०४/२०

## सवारी चालक अनुमतिपत्रका लागि स्वास्थ्य परीक्षण गर्ने गराउने सम्बन्धी सूचना।

यातायात व्यवस्था विभागको प.सं. ०८२/८३ च.नं. १४२६ मिति २०८३/०३/३२ को पत्रबाट नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सकहरूबाट सवारी चालक अनुमति पत्रको लागि आवेदकहरूको स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाउन सातै प्रदेशलाई पत्राचार भएको र नयाँ EDLVRS प्रणालीमा सोही बमोजिम चिकित्सकहरूको आबद्धता गर्ने गरी विभागबाट काम भई रहेको सन्दर्भमा विभागको सो पत्र विरुद्ध बागमती प्रदेश सरकारको निर्णयानुसार सूचीकृत भएका चिकित्सकहरूले सम्मानित श्री सर्वोच्च अदालतमा रिट दर्ता गरेको। उक्त रिटको सम्बन्धमा "यातायात व्यवस्था विभागको मिति २०८३/०३/३२ को पत्र तथा सो पत्रमा उल्लिखित मिति २०८३/०२/१३ को निर्णयसमेत प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नहुँदासम्म कार्यान्वयन नगरी यथास्थितिमा राख्नु साथै निवेदकहरूको यूजर र पासवर्ड समेतका निवेदकको उल्लेखित सेवा सञ्चालनमा कुनै बाधा अवरोध नगर्नु नगराउनु भनी सम्मानित श्री सर्वोच्च अदालतबाट मिति २०८३/०४/१२ मा अन्तरिम आदेश जारी गरिदिएको हुँदा सम्मानित श्री सर्वोच्च अदालतको अन्तरिम आदेशको कार्यान्वयन गर्ने र विभागबाट सञ्चालनमा ल्याइएको नयाँ EDLVRS प्रणालीमा बागमती प्रदेश सरकार, श्रम रोजगार तथा यातायात मन्त्रालयबाट सूचीकृत सेवा प्रदायकहरुलाई प्रदेश एडमिनबाट प्रणालीमा आबद्धताको व्यवस्था मिलाई क्रमशः प्रणाली सञ्चालन गर्ने गरी यस मन्त्रालयबाट मिति २०८३/०४/२० मा माननीय मन्त्रिस्तरीय निर्णय भएको छ। सम्मानित श्री सर्वोच्च अदालतको आदेशबमोजिम बागमती प्रदेशबाट सूचीकृत तपसिलका स्वास्थ्य संस्था/चिकित्सकलाई अनलाइन प्रणाली (https://edlvrs.bagamati.gov.np/) मा आवद्ध गराउने प्रक्रिया अगाडी बढाइएको हुँदा अब उप्रान्त अर्को आदेश वा सूचना नभएसम्मका लागि सूचीकृत चिकित्सकहरूबाट मात्र स्वास्थ्य जाँच गर्नु गराउनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| सि.नं. | कार्यालयको नाम | संस्था | ठेगाना | चिकित्सकको नाम |
|---|---|---|---|---|
| १. | यातायात व्यवस्था कार्यालय, हेटौंडा | सुनिल पोलिक्लिनिक | हेटौंडा उ.म.न.पा.-११, मकवानपुर | Dr. Rabindra chaurasiya |
| २. | यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमति पत्र, एकान्तकुना | पृथ्वी मेडिकल हल एण्ड क्लिनिक सेन्टर | ललितपुर म.न.पा.-१३, ललितपुर | Dr. Rusan Tuladhar<br>Dr. Mahesh Giri |
| ३. | | फोक्सुण्डो पोलिक्लिनिक | ललितपुर म.न.पा.-१३, ललितपुर | Dr. Sashank Chitrakar<br>Dr. Sanjay Kumar Shah |
| ४. | | नाइल मेडिकल सेन्टर | ललितपुर म.न.पा.-१३, ललितपुर | Dr. Aman Ghimire<br>Dr. Kiran Maharjan |
| ५. | यातायात व्यवस्था कार्यालय, भक्तपुर | सुनौलो मेडिकल क्लिनिक | मध्यपुर थिमी न.पा.-५, भक्तपुर | Dr. Bikram Shreshtha<br>Dr. Amir Kumar Shrestha |
| ६. | | रानीवन चेकअप सेन्टर | मध्यपुर थिमी न.पा.-५, भक्तपुर | Dr. Diwash Amatya<br>Dr. Prashant Khatri |
| ७. | | सेखा क्लिनिक सेन्टर | मध्यपुर थिमी न.पा.-५, भक्तपुर | Dr. Kiran Adhikari<br>Dr. Kishan Mainali |
| ८. | यातायात व्यवस्था कार्यालय, बनेपा | साइनो मेडिकल सेन्टर | बनेपा न.पा.-६, काभ्रेपलाञ्चोक | Dr. Mukesh Patel |
| ९. | यातायात व्यवस्था कार्यालय, चाबहिल | जानकी देवी पोलिक्लिनिक | काठमाडौं म.न.पा.-७, काठमाडौं | Dr. Niral Kumar Raya<br>Dr. George Bush Jung Katwal |
| १०. | | सुस्मिता पोलिक्लिनिक | काठमाडौं म.न.पा.-७, काठमाडौं | Dr. Raj Chaurasiya<br>Dr. Suman Barami Gurung |
| ११. | | नेपाल हाउस मेडिकल क्लिनिक | काठमाडौं म.न.पा.-७, काठमाडौं | Dr. Kapil Puri<br>Dr. Shree Ram Bhandari |
| १२. | यातायात व्यवस्था कार्यालय कलंकी | माच्छापुच्छ्रे मेडिकल हल | नागार्जुन न.पा.-३, काठमाडौं | Dr. Om Prakash Adhikari<br>Dr. Melina Shreshtha |
| १३. | | नारायणी स्वास्थ्य क्लिनिक | नागार्जुन न.पा.-३, काठमाडौं | Dr. Gyapan Babu Acharya<br>Dr. Yadav Sagar Buchamagar |
| १४. | | सागर स्वास्थ्य क्लिनिक | नागार्जुन न.पा.-३, काठमाडौं | Dr. Prabina Thapa<br>Dr. Raman Ghimire |
| १५. | यातायात व्यवस्था कार्यालय, भरतपुर | ल्होत्से हेल्थ केयर | भरतपुर म.न.पा.-१२, चितवन | Dr. Subash Chandra Mahaseth<br>Dr. Susan Adhikari |
| १६. | | स्मारिका हेल्थ केयर | भरतपुर म.न.पा.-१२, चितवन | Dr. Sagar Basnet<br>Dr. Sikha Pandey |
| १७. | | नाइल हेल्थ केयर | भरतपुर म.न.पा.-१२, चितवन | Dr. Prabin Gautam<br>Dr. Sandhya Regmi |

२०८३/०४/२०

फोन नं. ०५७-५९०३६२, इमेलः molet@bagamati.gov.np, वेबसाइटः molet.bagamati.gov.np